म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १४४ २०८३ वैशाख ४ गते शुक्रबार 17 April 2026, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## प्रधानमन्त्रीले साढे २ घण्टा सुने मुख्यमन्त्रीका कुरा

काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाहले प्रदेशका मुख्यमन्त्रीहरूसँग छलफल गरेका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका मुख्यमन्त्रीहरूसँग साढे २ घण्टा छलफल गरेका हुन् । प्रधानमन्त्रीले धैर्यतापूवर्क आफूहरूका कुरा सुनेको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जानकारी दिए ।

'छलफल दुई घण्टा भनिएको थियो । प्रधानमन्त्रीले त्यो भन्दा पनि बढी समय धैर्यतापूर्वक हाम्रा कुरा सुन्नुभयो,' मुख्यमन्त्री बानियाँले अनलाइनखबरसँग भने । उनका अनुसार मुख्यमन्त्रीहरूको कुरा सुनेपछि प्रधानमन्त्री बालेनले संक्षेपमा आफ्नो कुरा राखेका थिए । उनले नागरिकका अपेक्षा पूरा गर्ने गरी संघ र प्रदेश सरकारहरूले काम गर्न आवश्यक रहेको बताएका थिए ।

प्रधानमन्त्रीले सातै प्रदेशका मुख्यमन्त्रीलाई छलफलमा बोलाएका थिए । तर, कोशी र सुदूरपश्चिमबाहेकका मुख्यमन्त्री छलफलमा सहभागी रहे । *(स्रोत: अनलाईनखबर)*

### मुख्यमन्त्री र प्रधानमन्त्रीबीच छलफल

# संविधान संशोधनदेखि गाँजाको वैधानिकता दिन माग



*प्रधानन्त्रीसँगको छलफलमा सहभागी बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ (दायाँबाट पहिलो) ।*

**समाज संवाददाता**

हेटौँडा : प्रधानमन्त्री बालेन्द्र शाहले सातै प्रदेशका मुख्यमन्त्रीहरुसँग छलफल गरेका छन् । उनले प्रधानमन्त्री निवास बालुवाटारमा सातै प्रदेशका मुख्यमन्त्रीसँग दिउँसो २ बजेदेखि साँझ ५ बजेसम्म छलफल गरेका हुन् ।

उक्त छलफलमा सहभागी बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीयता कार्यान्वयन, प्रदेशका अधिकार, विकास पूर्वाधार तथा प्रशासनिक सुदृढीकरणका विषयमा छलफल भएको बताएका छन् । उनका अनुसार संघीयता कार्यान्वयनको ८ वर्ष बितिसक्दा पनि प्रदेश सरकारले पूर्णरुपमा अधिकार नपाएको र प्रशासनिक जटिलता कायमै रहेको बारेमा प्रधानमन्त्री शाहसँग छलफल भएको हो । छलफलका क्रममा मुख्यमन्त्री बानियाँले संविधान संशोधन, शासकीय स्वरुपमा परिवर्तन, प्रदेशका एकल अधिकारहरुको कार्यान्वयन, प्रशासनिक सुधार र सञ्चार माध्यमसँग सम्बन्धित संघीय सरकारका परिपत्रहरुका विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । मुख्यमन्त्री बानियाँले छलफलको सुरुवातमा नै प्रदेश मन्त्रिपरिषद्को आकारका घटाउन संविधान संशोधनको प्रस्ताव गरेको बताए ।

'हालको संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाका कुल सदस्यको २० प्रतिशतसम्म मन्त्री बनाउन पाइने प्रावधानले मन्त्रीहरुको संख्या धेरै देखिने र यसले नकारात्मक सन्देश जाने गरेको छ । संविधान नै संशोधन गरेर संख्या तोकिनुपर्ने प्रस्ताव राखे ।' उनले भने, 'बागमती प्रदेशमा भूगोल र जनसंख्याको आधारमा कति मन्त्री हुने भन्ने कुरा संविधानमा नै स्पष्ट हुनुपर्ने र यसलाई घटाएर सानो र छरितो मन्त्रिपरिषद् बनाउनुपर्छ ।' देशको शासकीय स्वरुपमै परिवर्तन गरी प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्न र मिश्रित निर्वाचन प्रणालीको सट्टा प्रत्यक्ष निर्वाचन प्रणाली अपनाउनुपर्ने प्रस्ताव समेत प्रधानमन्त्री शाहसमक्ष राखेको उनले बताए ।

प्रशासनिक संरचना र खर्च कटौतीको विषयमा मुख्यमन्त्री बानियाँले बागमती प्रदेशले चालेका कदमबारे प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । उनले प्रशासनिक सुधार तथा पुनर्संरचना समिति बनाएर मन्त्रालयहरुको संख्या घटाउन लागिएको र यसबाट वार्षिक करिब ४८ करोड रुपैयाँ खर्च कटौती हुने बताए । 'बागमती प्रदेशले चालू आर्थिक वर्षमा साधारण खर्चलाई २६ करोडबाट २३ करोडमा झारेको र पुँजीगत खर्च गर्ने क्षमतालाई वृद्धि गरेको छ । हिजोको १५ अर्बको सञ्चित कोषलाई ४१ अर्ब पुऱ्याइएछ । प्रदेश सरकार अब ठूला र मेगा प्रोजेक्टहरुमा संघीय सरकार सँग सहकार्य गरेर अघि बढ्न चाहेको छ । पर्यटनको क्षेत्रमा पशुपतिनाथ, मुक्तिनाथ, लुम्बिनी, रामजानकी, बडिमालिका र खप्तडलाई जोड्ने एउटा बृहत् पर्यटन सर्किट र त्यसका लागि गुणस्तरीय सडक पूर्वाधार निर्माणको योजनामा संघीय सरकारसंगको समन्वयमा अघि बढाउन हामी चाहन्छौं ।' उनले भने ।

छलफलका क्रममा विशेषगरी सञ्चार माध्यम र संघीय सरकारका हालैका परिपत्रहरुका विषयमा मुख्यमन्त्री बानियाँले धारणा राखेको बताए । सरकारी टेन्डरहरु सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने प्रक्रियामा केन्द्रले लगाएको अंकुशले प्रदेशको स्वायत्ततामा असर परेको भन्दै उनले उक्त परिपत्र तत्काल सच्याउन माग गरेको बताए । उनका अनुसार सो विषयमा प्रधानमन्त्री शाह सकारात्मक रहेको र उक्त परिपत्र तत्कालै सच्याउन आफ्नो सचिवालयलाई निर्देशन समेत दिएका थिए । सरकारी टेन्डरका सूचनाहरु सञ्चार माध्यममा दिने विषयमा भएको अवरोध हटाउन र परिपत्र परिमार्जन गर्न प्रधानमन्त्री शाहले निर्देशन दिएको मुख्यमन्त्री बानियाँले बताए ।

प्रदेश सभाका सदस्य र मन्त्रीहरुका स्वकीय सचिवहरुको पारिश्रमिक तथा सुविधाका विषयमा देखिएको कानुनी अन्योलबारे छलफल भएको मुख्यमन्त्री बानियाँको भनाई छ । प्रदेशले कानुन बनाएर दिएको सुविधालाई संघीय परिपत्रले रोक्न नहुने जिकिर गर्दै उक्त विषयमा प्रधानमन्त्री शाहले स्वकीय सचिवहरूको सुविधा नरोकिने गरी अर्को स्पष्ट परिपत्र जारी गर्न निर्देशन दिएको मुख्यमन्त्री बानियाँको भनाई छ । मुख्यमन्त्री बानियाँले गाँजा खेतीलाई औषधीय र औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग गर्न वैधानिकता दिनुपर्ने माग प्रधानमन्त्री शाहसमक्ष राखेको बताए । गाँजा एक वनस्पति भएको र यसलाई नियमन गरेर औषधि र कपडा जस्ता बाई-प्रोडक्ट उत्पादनमा प्रयोग गर्दा आर्थिक समृद्धि हासिल हुने उनको भनाइ थियो । गण्डकी प्रदेशले यससम्बन्धी कानुन बनाए पनि कार्यान्वयनमा समस्या देखिएकाले केन्द्रले यसमा नीतिगत बाटो खोलिदिनुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँका अनुसार निजी अस्पताल र निजी विद्यालयहरुमा १० प्रतिशत सिट र बेडहरु अनिवार्य रुपमा गरिब तथा विपन्न वर्गका लागि नि:शुल्क छुट्याउनुपर्ने र कडाइका साथ लागू गरिने प्रधानमन्त्रीले शाहले प्रतिवद्धता व्यक्त गरे ।

### 'अर्थमन्त्री वाग्लेसँग बागमतीका 'अर्थमन्त्री तामाङको माग

# 'घरजग्गा रजिस्ट्रेसन तथा खण्डीकरणको अधिकार प्रदेशलाई दिनु'

**समाज संवाददाता**

हेटौँडा : घरजग्गा रजिस्ट्रेसन तथा खण्डीकरणको अधिकार प्रदेश सरकारलाई दिन बागमती प्रदेशका अर्थमन्त्री प्रभात तामाङले संघीय सरकारसँग माग गरेका छन् । बिहीबार अर्थ मन्त्रालयमा बसेको अन्तर सरकारी वित्त परिषद्को बैठकमा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री तामाङले सङ्घीय सरकारसँग घरजग्गा रजिस्ट्रेसन तथा खण्डीकरणको अधिकार माग गरेका हुन् ।

उनको उक्त मागमा अन्य प्रदेशका अर्थ मन्त्रीहरुले पनि सहमति जनाएका थिए । प्रदेश सरकारहरूको मुख्य आम्दानीको स्रोत घरजग्गा रजिस्ट्रेसन तथा खण्डीकरण भएको तर सबै अधिकार सङ्घीय सरकारमा रहेको र प्रदेश आर्थिक मामिला परिषद्का निर्णय पनि सोही अनुसारको रहेको उनले बताए । मन्त्री तामाङले प्रदेशको मुख्य आयस्रोत घरजग्गा रजिस्ट्रेसन शुल्क भए पनि सहरी विकास र भूमि ऐनका नाममा जग्गा खण्डीकरणको अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गर्न माग गरे । उक्त व्यवस्था संघमै राखिँदा प्रदेशको राजस्व खुम्चिएको मन्त्री तामाङले बताए । काठमाडौं उपत्यका विकास प्राधिकरण जस्ता संस्थाले आफैं पनि काम नगरेको र निजी क्षेत्रलाई पनि रोकेर राखेको भन्दै उनले जग्गा खण्डीकरणसम्बन्धी व्यवस्था प्रदेशलाई हस्तान्तरण गर्नुपर्नेमा उनले जोड दिए ।

४० प्रतिशत राजस्व प्रदेशलाई नदिने स्थानीय तहलाई कडाइ गर्न कानुन संशोधनको उनले आग्रह गरेका छन् । ढुङ्गा, गिटी, बालुवा लगायतका प्राकृतिक स्रोतबाट उठ्ने राजस्वमध्ये ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेशको सञ्चित कोषमा जम्मा हुनुपर्ने व्यवस्था भए पनि स्थानीय तहले प्रदेशलाई रकम नदिएको भन्दै उनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ संशोधन गर्न माग गरे । स्पष्ट कानुनी व्यवस्था नहुँदा स्थानीय तहले प्रदेशको खातामा रकम जम्मा नगरेको उनको गुनासो छ । संघीय सरकारले प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदानको सम्पूर्ण र कम अनिवार्य रूपमा निकासा गर्न माग गरे । मन्त्री तामाङले अनुदान कटौती गर्ने र टुक्रे योजना पठाउने संघीय प्रवृत्तिप्रति गम्भीर असन्तुष्टि जनाए । मन्त्री तामाङले संघीय बजेटको आकार बढिरहँदा प्रदेशमा पठाइने वित्तीय समानीकरण अनुदान भने निरन्तर घटिरहेको तथ्याङ्क प्रस्तुत गरे ।

'पहिले प्रदेशमा १२३ अर्ब जति समानीकरण अनुदान पठाइन्थ्यो, अहिले त्यो घटेर ९८ अर्बमा झरेको छ, तर संघको बजेट भने १३ खर्बबाट बढेर २१ खर्ब पुगिसक्यो ।' उनले भने । राजस्व सङ्कलनको अवस्था हेरेर तेस्रो र चौथो किस्ता रोक्ने व्यवस्था खारेज गर्न पनि उनले माग गरे । यस्तै, मन्त्री तामाङले संघीय सरकारले सशर्त अनुदानका नाममा कार्यक्रम तोकेर पठाउने साटो प्रदेश र स्थानीय तहले छनोट गरेका नतिजामुखी आयोजनाका लागि एकमुष्ट रकम पठाउनुपर्ने बताए । आर्थिक वर्षको बीचमा प्रदेशको बजेट प्रणालीमै नभएका सशर्त कार्यक्रम पठाउँदा कानुनी र कार्यान्वयनको समस्या आएको उनको भनाइ छ । यसैगरी, ट्राफिक प्रहरीले गर्ने नियम उल्लङ्घनको जरिवाना रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने र इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स एन्ड भेहिकल रजिस्ट्रेसन सिस्टममा प्रदेशको पूर्ण पहुँच हुनुपर्ने माग राखे ।

## ठुला सहकारीलाई कर छुट नदिन सुझाव

सहकारी संस्थाहरूले जग्गा खरिद गर्दा पाउँदै आएको रजिस्ट्रेसन शुल्क छुटको व्यवस्था परिमार्जन गर्नुपर्ने मन्त्री तामाङले बताए । ठुला बचत तथा ऋण सहकारीले कार्यालय वा भवन निर्माणका लागि जग्गा किन्दा दिइने छुटले प्रदेशको राजस्व घटेको भन्दै उनले यस्तो सुविधा कृषि, उत्पादनमूलक र लक्षित समुदायमा सञ्चालित सहकारीलाई मात्र दिनुपर्ने प्रस्ताव राखे । साहसिक तथा मनोरञ्जनात्मक पर्यटन एजेन्सी र ३ तारेसम्मका होटलको दर्ता तथा नवीकरणको अधिकार प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रदेशको माग छ । त्यस्तै, ६ देखि ७ हजार मिटरसम्मका हिमाल आरोहणको रोयल्टी प्रदेशले पाउनुपर्ने र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सोही आर्थिक वर्षभित्रै बाँडफाँट गरिसक्न मन्त्री तामाङले आग्रह गरे ।

हालसम्म पनि अघिल्लो वर्षको रोयल्टी प्रदेशले नपाएको उनले खुलाए । कृषि कर्जामा राष्ट्र बैंकको ग्रेस पिरियड सम्बन्धी नीति अव्यवहारिक रहेको उनले बताए । 'किवी खेती गर्दा फल लाग्नै ४ वर्ष लाग्छ, तर बैंकले एक वर्षमै किस्ता तिर्न ताकेता गर्छ, यस्तो मनिटरी पोलिसीमा परिमार्जन आवश्यक छ,' उनले भने । संघीय सरकारले मदिरा ऐन लगायतका कानुन बनाउँदा प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको र संघीय क्याबिनेटले निर्णय गरेर प्रदेशलाई अप्ठ्यारो पार्ने काम गरेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । मत्स्यपालन र खानेपानी आयोजनामा पनि अन्य कृषि आयोजना जस्तै विद्युत् महसुलमा छुट दिनुपर्ने, प्रदेशस्तरका विद्युत् आयोजनाको अधिकार प्रदेशलाई नै दिनुपर्ने र संघबाट प्रदेशमा हस्तान्तरण भएका कार्यालयको सम्पत्ति र पूर्वाधार तत्काल प्रदेशलाई दिनुपर्ने प्रदेश सरकारहरूको माग छ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०




# त्रिविको नतिजा प्रकाशनमा तीव्रता

**समाज संवाददाता**

हेटौँडा : त्रिभुवन विश्वविद्यालयले आफ्नो परीक्षा प्रणालीमा सुधार गर्दै स्नातक तह दोस्रो वर्षको नतिजा छोटो समयमै सार्वजनिक गरेको छ । विश्वविद्यालयले २०८२ सालको पुस १६ गते सुरु भएर माघ २ गते सम्पन्न भएको स्नातक तह दोस्रो वर्षको विभिन्न संकायका नियमित वार्षिक परीक्षाहरूको नतिजा ३ महिनामै सार्वजनिक गरेको हो ।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले मानविकी तथा समाजशास्त्र संकाय र व्यवस्थापन संकायको नतिजा चैत २३ गते र विज्ञान तथा प्रविधि संकायको नतिजा चैत २७ गते प्रकाशित गरेको छ । शिक्षाशास्त्र संकायको नतिजा भने आउन बाँकी छ । मकवानपुर बहुमुखी क्याम्पसको परीक्षा शाखाका प्रमुख दिनेश महतका अनुसार २०८२ सालदेखि त्रिभुवन विश्वविद्यालयले छिटो-छिटो नतीजा सार्वजनिक गर्न थालेको हो ।

विगतका वर्षहरूमा त्रिभुवन विश्वविद्यालयको नतिजा आउन वर्ष दिन नै कुर्नुपर्ने समस्याले विद्यार्थीहरू मर्कामा पर्दै आएका थिए । तर, यसपटक परीक्षा सम्पन्न भएको २ महिनाभित्रै नतिजा सार्वजनिक भएको छ । यसले विद्यार्थीहरूलाई अघिल्लो वर्षको पढाइ र अन्य शैक्षिक योजना बनाउन सहज हुने देखिएको छ ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

# आज आमाको मुख हेर्ने दिन

**समाज संवाददाता**

हेटौँडा : आज वैशाखकृष्ण पक्ष औँसी अर्थात आमाको मुख हेर्ने दिन । आजको दिनमा आफूलाई जन्म दिने आमालाई सम्मान गरी मीठामीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाइँदैछ ।

आजको दिनमा छोराछोरीले बिहानै उठेर नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा लगाइदिने तथा मीठा र तागतिला खानेकुरा खुवाउने गर्दछन् । भक्तिभावसहित आमाको आशीर्वाद थाप्ने चलन रहेको छ । शास्त्रमा आमालाई पण्डित, आचार्य र पिताभन्दा पनि ठुली मानिएको छ । आजको दिनलाई आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा आशीश थाप्ने दिनका रूपमा लिइँदै आएको परम्परा छ । आजको दिन चन्द्रागिरी नगरपालिकास्थित मातातीर्थमा मेला लाग्ने गर्छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं



## सम्पादकीय

# प्रदेशको बजेट खर्च कमजोर

बागमती प्रदेश सरकारको बजेट खर्च झनै कमजोर देखिएको छ । चालु आर्थिक वर्षको तेस्रो चौमासिकसम्म प्रदेश सरकारले कुल विनियोजनको करिब एक चौथाईमात्र बजेट खर्च गर्न सकेको छ । चालु आर्थिक वर्षको ९ महिनामा कुल बजेटको करिब २९ प्रतिशतमात्र खर्च गरेको हो । आगामी ३ महिनाको अवधिमा ७१ प्रतिशतभन्दा बढी बजेट खर्च गर्नुपर्ने दबाबमा प्रदेश सरकार छ । प्रदेश सरकारको वित्तीय प्रगति निराशाजनक हुँदा सरकारको कार्यसम्पादन पनि अति नै सुस्त देखिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट ल्याएको थियो । चैत मसान्तसम्म १९ अर्ब ३७ करोड रुपैयाँ (२८.७१ प्रतिशत) मात्र खर्च भएको छ । सरकारले बैशाख, जेठ र असार महिनामा ४८ अर्ब १० करोड रुपैयाँ (७१.२९ प्रतिशत) बजेट खर्च गर्नुपर्ने अवस्था देखिएको छ । छोटो अवधिमा यति ठूलो रकम खर्च गर्दा कामको गुणस्तर खस्कने र असारे विकासको प्रवृत्तिले प्रश्रय पाउने निश्चित देखिन्छ ।

प्रदेश सरकारको पुँजीगत (विकास) खर्चको अवस्था झनै कमजोर छ । चालु आर्थिक वर्षमा विनियोजित कुल पुँजीगत बजेट ४० अर्ब ८३ करोड रुपैयाँ मध्ये ९ महिनाको अवधिमा ९ अर्ब ४२ करोड (२३.०९ प्रतिशत) मात्र खर्च गरेको छ । ३ महिनामा ३१ अर्ब ४१ करोड (७६.९१ प्रतिशत) पुँजीगत बजेट खर्च गर्नुपर्ने बाध्यता प्रदेश सरकारलाई छ । करिब ४० प्रतिशत बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च ९ महिनामा ३० प्रतिशतमात्र देखिएको छ । २१ अर्ब १४ करोडको पुँजीगत बजेट भएको सो मन्त्रालयले हालसम्म ६ अर्ब ३७ करोड खर्च गरेको छ । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ९ अर्ब ७२ करोड बजेटमध्ये हालसम्म २ अर्ब ४४ करोडमात्र खर्च गरेको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब १३ करोडको पुँजीगत बजेटमा ४१ करोडमात्र खर्च गरेको छ भने स्वास्थ्य मन्त्रालयले ३ अर्ब ४१ करोडको पुँजीगत बजेटमा ८७ करोडमात्र खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले २ अर्ब १२ करोड पुँजीगत बजेटमा ४४ करोडमात्र खर्च भएको छ ।

खर्चको अवस्था निराशाजनक रहेको बागमती प्रदेश सरकारको राजस्व संकलनको अवस्था पनि उत्साहजनक छैन । चालु आर्थिक वर्ष २०८२/०८३ को ९ महिनासम्म लक्ष्यको ४१.४० प्रतिशतमात्र राजस्व संकलन गरेको प्रदेश सरकारले बाँकी ३ महिनामा राजस्वको लक्ष्य भेटाउन निकै चुनौतीपूर्ण देखिन्छ । सरकारले चालु आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा चैत मसान्तसम्म २७ अर्ब ९३ करोड रुपैयाँ संकलन भएको छ । प्रदेश सरकारले मूल्य अभिवृद्धि कर र सवारी साधन कर लक्ष्यको ६० प्रतिशतभन्दा बढी असुल गरेको भए पनि घरजग्गा रजिष्ट्रेसन दस्तुर र अन्तःशुल्क आम्दानी भने ५० प्रतिशतभन्दा कम रहेको छ । संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान लक्ष्यको ७० प्रतिशत प्राप्त गरेको प्रदेश सरकारले गत वर्षको नगद मौज्दात र बेरुजु असुलीबाट प्राप्त हुने अनुमान गरेको राजस्व भने लक्ष्यको ७ प्रतिशतमात्र छ ।

बजेट परिचालनमा कमजोर देखिएको बागमती प्रदेश सरकारले मापदण्ड बनाएर बजेट तर्जुमा गर्ने तयारी गरेको भए पनि वर्षेनि बजेट खर्च निराशाजनक बन्दा प्रदेश सरकारको कार्यसम्पादन प्रभावकारी बन्न सकेको छैन । समयमै आयोजनाहरु कार्यान्वयनमा लैजान नसक्दा र विकास निर्माणको कामलाई तिब्रता दिन नसक्दा बजेट खर्च निराशाजनक बनिरहेको हो । आर्थिक वर्षको सुरुवातमा अनावश्यक अलमल गर्ने र आर्थिक वर्षको अन्त्यतिर हतारमा आयोजना सम्पन्न गर्ने परिपाटीले सरकारले गर्ने खर्च पारदर्शी र प्रभावकारी हुन सकिरहेको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |



## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक गतिविधिमा ध्यान दिनु पर्ला ।
**वृष** : धार्मिक एव सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : पैतृक सम्पत्तिको उपयोबाट लाभ प्राप्त होला ।
**कर्कट** : बौद्धिक क्षेत्रका काममा सरिक भइने योग छ ।
**सिंह** : अरुको मुख ताक्नाले लक्ष्यमा पुगिदैन ।
**कन्या** : इच्छित कार्यमा सम्पन्न हुने समय योग देखिन्छ ।
**तुला** : व्यक्तित्व विकासको काममा लागि परिएला ।
**वृश्चिक** : सामाजिक एवम् परोपकारजन्य काममा सरिक ।
**धनु** : सामाजिक एवम् साँस्कृतिक कार्यमा सरिक भइएला ।
**मकर** : सौंच र बुद्धिको उपयोगले काम पूर्ण होला ।
**कुम्भ** : स्वास्थ्य स्थितिलाई बेवास्ता नगर्दा राम्रो ।
**मीन** : ज्ञान र सीपले जस पाइने समय योग छ ।

# शिक्षण संस्थाहरुमा आईतबारे बिदा र गिजोलिएको शैक्षिक वर्ष

**सरकारी निर्णयको अवज्ञा गर्दै जब निजी क्षेत्रले अटेर गरिरहँदा यो निर्णयको ठाडै उपहास हुनु भनेको एक गम्भिर विषय बनेको छ । विदेशको उदाहरण र अभ्यासका कुराहरू गर्दा त्यहाँको सरकारी निर्णयको गैरसरकारी क्षेत्रबाट समेत प्रभावकारी कार्यान्वयन अनि शिक्षामा सो अनुसारका तहगत विषयगत पाठ्यक्रम निर्माण र दैनिक कार्यघण्टाको अवधि जस्ता सतहमै देखिने पक्षहरूको पनि विश्लेषण जरूरी पर्दछ । अरू घोडा चढेको देखेर धुरी चढ्ने उखान यहाँ पनि स्मरणीय छ भन्नै पर्दछ ।**



✍ रमेश प्रसाद लामिछाने

१. एक शैक्षिक सत्रलाई बाह्र महिनाको अवधिका रुपमा बुझिन्छ। हाम्रो सन्दर्भमा विगतमा लामो कालखण्डसम्म पौष १ बाट सुरु भै मंसिर मसान्तमा सकिने शैक्षिक सत्र कायम रह्यो । कुनै बेला आर्थिक वर्षसँग मेल गराउने भनी श्रावण १ बाट सुरु भई असार मसान्तमा सकिने पनि भनियो । पछिल्लो चरणमा शैक्षिक सत्र वैशाख १ बाट सुरु भई चैत्र मसान्तमा सकिने अभ्यास हुँदै आएको छ। आधुनिक शिक्षा प्रणालीमा शिक्षाका विभिन्न विषयहरुका बारेमा धेरैलाई जानकारी छ । प्रत्येक विषयमा तहगत शैक्षिक उपलब्धिहरु निर्धारण गरिएका हुन्छन् । शैक्षिक उपलब्धि हासिलका लागि निश्चित पाठ्यभार तोक्नै पर्ने हुन्छ ।

पाठ्यक्रमले निर्देश गरेको पाठ्यवस्तुको शिक्षण सिकाईका लागि विषयगत क्रेडिट आवर निर्धारण गरिएको हुन्छ । निर्धारित अवधिमा तोकिएको सिकाई उपलब्धि हासिल हुन नसक्दा विद्यार्थीको शैक्षिकस्तरमा क्षति भएको भन्ने बुझिन्छ । यहि शैक्षिक क्षति नै विद्यार्थीको क्षमताको कारक बन्न सक्छ । अन्य क्षेत्रमा हुने बिदा भन्दा शिक्षण संस्थाहरुमा गरिने बिदा अलिक बढी देखिन्छ । पहिलो त कर्मचारीहरुले वर्षमा ३० दिन घर बिदा पाउने कुरा निजामती सेवा नियमावलीमा नै तोकिएको छ । तर, शिक्षण संस्थाहरुको हकमा भने गर्मी वा ठण्डी बिदा ४५ दिन र ५ दिन संस्थामा पर्न सक्ने सामाजिक, साँस्कृतिक, धार्मिक तथा अन्य विशेष परिस्थितिका लागि भनिएको छ । तराई तथा मधेशमा गर्मी ऋतुमा विद्यालय संचालन असहज बन्छ भने हिमाली तथा उच्च पहाडी क्षेत्रमा चिसो मौसममा हिमपातको कारणले झनै कठिनाई बन्छ नै ।

२. हालै ईन्धन संकटका कारणले सरकारी कार्यालयहरुसँग शिक्षण संस्थाहरु पनि हप्तामा २ दिन बिदा गर्ने सरकारको निर्णयले बढी चर्चा पाएको छ। वि.सं. २०७९ सालमा पनि तत्कालिन सरकारले परीक्षणको रुपमा शनिबार र आईतबार बिदा दिने निर्णय गरी सो कार्यान्वयनमा समस्या उत्पन्न भै पछि उक्त निर्णय फिर्ता भएको थियो । तत्कालिन मन्त्री परिषद्बाट मिति २०७९ वैशाख १३ मा मिति २०७९ जेठ १ गतेबाट लागु हुने गरी शनिबार र आईतबार सार्वजनिक विदा दिने निर्णय भएकाले सो निर्णय कार्यान्वयनको सन्दर्भमा विद्यालयहरुलाई वार्षिक शैक्षिक क्यालेण्डर तयार गर्दा गरिएको निर्देशन स्मरणीय र सान्दर्भिक भएकाले यहाँ उल्लेख गरिएको छ ।

क. विद्यालयहरुले साविक बमोजिम नै विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म पठनपाठन संचालन गर्ने ।

ख. शुक्रबार पनि विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म पठनपाठन संचालन गर्ने ।

ग. तोकिएको पाठ्यघण्टा र कार्यघण्टामा नघट्ने गरी हिउँदे वा वर्षे विदाबाट कटाई बढीमा ३० दिनसम्म मात्र एकै पटक वा पटक-पटक गरी विदा दिन सकिने गरी स्थानीय तहले बिदा समायोजन गर्ने ।

३. चैत्र महिनालाई वार्षिक परीक्षा लगायत एसईई समेतको परीक्षा भएकाले यो महिनामा पढाई गर्न सकिन्न । एक महिना वर्षे वा हिउँदे बिदा कटाएर बाँकी दश महिनामा शनिबार, आईतबार र चाडपर्व समेत गरी जम्मा १११ दिन बिदा हुने अनि शिक्षण संस्था खुल्ने दिन १५८ हुँदा यसैभित्र १६ दिन परीक्षाका दिन र दुई वटा परीक्षा तयारीका २/२ गरी जम्मा ४ दिन सँगै भर्ना साताको ७ दिन समेत २७ दिन घटाएर अध्ययन अध्यापन हुने दिन १३१ दिन मात्र बाँकी हुन्छ । जबकि यसअघि शिक्षा मन्त्रालयले विद्यालयहरु कम्तिमा पनि २२० दिन खुल्नै पर्ने र १९२ दिन पढाई हुनैपर्ने भन्दै आएको थियो । यी दिनहरुको निर्धारणमा कक्षागत विषयहरुको पाठ्यभारलाई मध्यनजर गरी हिसाब गरिएको देखिन्छ । शैक्षिक सत्र नै एक महिना कम हुनु र आईतबार बिदा थपिँदा यो समस्या आएको हुन सक्छ । यद्यपि वर्षे वा हिउँदे बिदा ५० दिनबाट घटाएर ३० दिन कायम गर्ने भनिएको छ । सायद यो २० दिन हप्ताको ४ घण्टा बढाउनुपर्ने समय यथावत राखिएपनि उता शुक्रबार पुरै समय कक्षा संचालन गर्दा हप्तामा २ घण्टा समय त बढ्छ नै । यो समेत हिसाब गरेर हेर्दा सातामा २ घण्टा उक्त २० दिनको मेकअप गर्न भनिएको हुनसक्छ ।

४. पाठ्यक्रमले निर्धारण गरेको क्रेडिट आवर ५ भएका हरेक विषयहरुको वार्षिक वर्किङ आवर ३२ दिन दैनिक ५ घण्टाका दरले १६० घण्टा हुन्छ । यहि हिसावले क्रेडिट आवर ४ भएका हरेक विषयहरुको वार्षिक वर्किङ आवर ३२ दिन दैनिक ४ घण्टाका दरले १२८ घण्टा र क्रेडिट आवर ३ भएका हरेक विषयहरुको वार्षिक वर्किङ आवर ३२ दिन दैनिक ३ घण्टाका दरले ९६ घण्टा हुन्छ । जबकि माध्यमिक तह कक्षा ९ र १० मा कक्षागत वार्षिक क्रेडिट आवर ३२ र जम्मा कार्यघण्टा १०२४ निर्धारण गरिएको छ । त्यस्तै आधारभूत तहको कक्षा ६-८ मा वार्षिक क्रेडिट आवर २८ र कार्यघण्टा ८९६ भनिएको छ । विद्यालय १० बजेदेखि ४ बजेसम्म खुल्दा एक दिनमा छ घण्टा र एक हप्तामा ३० घण्टा खुल्दछ । दैनिक छ घण्टाको अवधि भित्र प्रार्थना समय १५ मिनेट र हाफ टाईम अर्थात खाजा समय ३० मिनेट अनि कतै दुई घण्टिपछिको ब्रेक १५ मिनेट गरी १ घण्टा कटाएर कक्षा समय दैनिक ५ घण्टा मात्र हुन आउँछ । यो ५ घण्टा भनेको ३०० मिनेटलाई ७ विषयका ७ पिरियडमा भाग लगाउँदा प्रति पिरियड ४३ मिनेट देखिन्छ । यो हिसाबबाट क्रेडिट आवर ५ हुने विषयको वर्किङ आवर १६० घण्टा अर्थात ९,६०० मिनेट हुने विषयका लागि जम्मा २२३ पिरियड कम्तिमा जरुरी पर्दछ। त्यस्तै क्रेडिट आवर ४ मात्र हुने विषयको पनि झण्डै १७९ पिरियड हुनै पर्दछ।

५. उल्लेखित विश्लेषणलाई अध्ययन गर्ने हो भने हप्तामा २ दिन बिदा शिक्षण संस्थाहरुको सवालमा अलि विश्लेषण गर्न जरुरी देखिएको छ । कतिपय पालिकाले त निर्णय नै गरी आईतबारको बिदा अस्विकार गरिसकेको छ । त्यस्तै त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरुको पनि साताको २ दिन बिदा बारे प्रतिक्रिया आइसकेको छैन । अन्य कतिपय पालिकाहरुले पनि आइतबारे बिदा नमान्ने चर्चा बाहिर आइरहेको छ। यहि सन्दर्भमा नीजि शिक्षण संस्थाहरुले निर्णय नै गरेर आईतबार बिदा नगर्ने भन्दै विगत झैं नियमित संचालन गरिरहेका छन् । यसो गर्दा सरकारी र गैरसरकारी शिक्षण संस्थाहरुमा सिधै हप्तामा १ दिनको फरक भएको अवस्थामा सरकारी शिक्षण संस्थाहरु घोषित रुपमै विघटन गर्ने सरकारी नियत स्पष्ट बुझिन्छ। यो असमानता तत्काल हल नगर्ने हो भने शैक्षिक क्षेत्रमा आउने संकटकै कारणबाट सरकारले थेग्नै नसक्ने मूल्य चुकाउने दिन नआउला भन्न सकिन्न ।

६. सवारी ईन्धनको खपत घटाउन आईतबार विदा दिने सरकारी निर्णयमा पटक्कै दम छैन । जरुरी सवारी साधन मात्र चलाउने, सरकारी कार्यालयहरुमा १ जनाका लागि १ वटा गाडी दिइएका ठाउँमा एउटा बस चलाएर अनि सरकारी तथा गैरसरकारी क्षेत्रका सवारी दुरुपयोग नियन्त्रण गरी सवारी चापलाई घटाउन र ईलेक्ट्रिक सवारी साधनहरुको आयातमा वृद्धि गर्दै चार्जिङ स्टेशनहरु थप गर्ने गराउने तर्फ लाग्नुपर्नेमा यो विवादास्पद बाटो उपयुक्त होईन । सरकारी निर्णयको अवज्ञा गर्दै जब निजी क्षेत्रले अटेर गरिरहँदा यो निर्णयको ठाडै उपहास हुनु भनेको एक गम्भिर विषय बनेको छ । विदेशको उदाहरण र अभ्यासका कुराहरु गर्दा त्यहाँको सरकारी निर्णयको गैरसरकारी क्षेत्रबाट समेत प्रभावकारी कार्यान्वयन अनि शिक्षामा सो अनुसारका तहगत विषयगत पाठ्यक्रम निर्माण र दैनिक कार्यघण्टाको अवधि जस्ता सतहमै देखिने पक्षहरुको पनि विश्लेषण जरुरी पर्दछ। अरु घोडा चढेको देखेर धुरी चढ्ने उखान यहाँ पनि स्मरणीय छ भन्नै पर्दछ ।

७. अन्तमा, कहिले वैशाख १५ बाट अनि कहिले वैशाख २१ बाट भन्दै विद्यालय संचालनका सवालमा ढुलमुले चरित्र देखाएर शैक्षिक वर्षलाई गिजोल्ने काम भएको भन्नै पर्छ। एसईईको उत्तर पुस्तिका परीक्षणमा हतास र लुलो निर्णय गरे झैं शैक्षिक सत्रमा अडान देखाउन नसक्ने हो भने शिक्षा मन्त्रालय मात्र नभई सरकार समेत आलोच्य बन्छ नै । विद्यार्थी भर्नाको बहानामा १५ दिन कक्षा बन्द गर्दा शैक्षिक क्षति त स्पष्टै छ नि । अर्कोतर्फ सरकारी निर्णय सधैं सरकारी विद्यालयमा मात्र लागु हुने संस्कारले सार्वजनिक शिक्षा ध्वस्त बनाउने अभिप्राय हो कि भन्ने शंका हुन्छ नै। तसर्थ, अन्तिम चरणमा पुगेको भनिएको विद्यालय शिक्षा ऐन मार्फत सुधार गर्नैपर्ने कुराहरु सम्वोधन गरी कार्यान्वयनमा ल्याइयोस् भन्ने हाम्रो अपेक्षा हो ।

# शिक्षक संगठन, आन्दोलन र वास्तविकता“

**जबसम्म पेशामा इमान्दारिता र आम शिक्षक प्रति जवाफदेहिता हुन्न, हामी र हाम्रो पेशाले हार्छ। सरकारले जित्छ। हाम्रा नेतृत्वहरू आफ्नो संगठनप्रति ईमान्दार भएका भए हाम्रा धेरै उपलब्धीहरू प्राप्त हुन्थे। हामी अझ सन्तुष्ट हुन्थ्यौं। शिक्षामा अर्कै भाइब्रेसन आउँथ्यो।**



✍ दीपक अधिकारी

आदरणीय शिक्षक नेतृत्वहरु !

राष्ट्रिय आन्दोलन र जिल्ला तहका शिक्षक आन्दोलनमा म भन्दा हजुरहरु धेरै अनुभवी सिनिएर हुनुहुन्छ होला । म २०५७ सालबाट जिल्लास्तरीय आन्दोलन र २०६९ सालबाट राष्ट्रिय आन्दोलनमा निरन्तर रुपमा सक्रिय छु। आन्दोलनको अग्र भागमा नै सहभागी छु। जति हामी तटस्थताको नीति यस्ता आन्दोलन वा सौदाबाजीमा प्रकट गर्छौं त्यति हामी विश्वसनीय र बलियो हुन्छौं । सरकारहरु झस्कन्छन् । हामी व्यक्ति केन्द्रित राजनीति गर्न माहिर छौं तर पेशा केन्द्रित राजनीतिको ढ्वाङ्ग बझाउँछौं र आसेपासेलाई आफू श्रेष्ठ भएको वकालत गर्न लगाउँछौं। २०६९ साल भन्दा पछिका राष्ट्रिय आन्दोलनको मोर्चामा म इमानदारितापूर्वक अग्र भागमा सक्रिय रुपबाट भाग लिएको छु । अघिल्ला आन्दोलनका त म भन्दा हजुरहरु धेरै जानकार हुनुहुन्छ। हामीले त अध्ययन र हजुरहरु जस्तै नेतृत्वहरुका मनै लोभ्याउने भाषणहरुबाट बुझेका हौं ।

हाम्रो आन्दोलन रहँदा कहिले माओवादी सरकारको नेतृत्वमा त कहिले काँग्रेस सरकारको नेतृत्व त कहिले एमाले सरकारको नेतृत्वमा रह्यो । स्पष्ट छ कि हाम्रा संस्थाहरु दलगत आवद्धता छ घोषित या अघोषित । माओवादी सरकारमा हुँदा यो पार्टी निकट घोषित भातृ संगठन आन्दोलनमा पछि हटेको, काँग्रेस सरकारमा हुँदा यो पार्टी निकट घोषित भातृ संगठन व्याक हुँदै गरेको र एमाले सरकारमा हुँदा यो पार्टी निकट अघोषित संगठन व्याक भएको तपाईं हामीलाई स्पष्टै छ । आदरणीय सरहरु यदि यी पार्टीहरु जसले यिनी निकट संगठन बनाउँदै हाम्रो गर्विलो एकल संगठनलाई कमजोर बनाएर भातृ संगठन बनाए, चाहेको भए शिक्षक कर्मचारीको हित गर्न खोजेको भए, सार्वजनिक शिक्षा सुधारको त्यति धेरै चिन्ता यिनीहरुले राखेको भए नेकपाको सरकार भयो । करिब दुई तिहाई थियो उपस्थिति सरकारको समर्थनमा । ल्याएनन् यिनिहरुले शिक्षा ऐन । समाधान गरेनन् यिनिहरुले हाम्रा मुद्दा । माओवादी-काँग्रेस मिलेर सरकार चलाए। त्यो बेला पनि ल्याएनन् यिनीहरुले ऐन । एमाले-माओवादी मिलेर सरकार चलाए । ल्याएनन् शिक्षा ऐन । एमाले-काँग्रेस मिलेर सरकार चलाए अन्तिम पटक । हामी आन्दोलित भयौं । हाम्रो माग केही थिएन । त्यही प्रगतिशील शिक्षा ऐन हो । ल्याएनन् शिक्षा ऐन ।

अझ हुलाकमा पठाई दिन्छौं भनेर शिक्षकलाई अपमान गरे । वर्षा नै जाला छाता त ल्याउनु भएको छ नि ? नभए हामी किनिदिउँला भनेर प्रधानमन्त्री, मन्त्री जतिको व्यक्तिले हाम्रो आन्दोलनको बिल्ला हाने । त्यसपछि प्रधानमन्त्री निकट शिक्षक संगठन क्रमशः आन्दोलन कमजोर बनाउन थाल्यो । नेतृत्वलाई खिसी ट्युरी गर्न थाल्यो, जुन तपाईं हामीलाई स्पष्ट छ । यसर्थ एउटै पेशामा दलगत आस्थाका आधारमा यी बग्रेल्ती खुलेका संगठनहरुले पेशागत हित गर्दैनन् । पार्टीको एजेन्ट भएर आन्दोलन कमजोर बनाउँछन् । कोहि सरकार ढाल्न तल्लिन त कोहि सरकार जोगाउन । हाम्रो मुद्दा बोक्ने भन्दा पनि पार्टीको मुद्दा बोक्न हामी दौडन थाल्यौं । सिस्टम बसाल्नु पर्छ भनेर लागेका शिक्षक संगठनहरु सिस्टम बिगार्न थाल्यौं । जबसम्म पेशामा इमान्दारिता र आम शिक्षक प्रति जवाफदेहिता हुन्न, हामी र हाम्रो पेशाले हार्छ । सरकारले जित्छ । हाम्रा नेतृत्वहरु आफ्नो संगठनप्रति ईमान्दार भएका भए हाम्रा धेरै उपलब्धीहरु प्राप्त हुन्थे । हामी अझ सन्तुष्ट हुन्थ्यौं । शिक्षामा अर्कै भाइब्रेसन आउँथ्यो ।

अझ कुनै शिक्षक संगठन त विधानतः कुनै राजनीतिक पार्टीको भातृ संगठन होइन तर कार्यक्रमहरुमा पार्टी कै नेता ल्याएको पाउँछौं । जसका कारण धेरै शिक्षकहरु जो भोट हाल्दा फरक पार्टीलाई हाले पनि तटस्थ संस्था हो भनेर संगठित शिक्षक साथीहरुमा वास्तविकता फरक अनुभूति छ । पछिल्ला समयमा त झन् संगठनहरुमा खुलेआम पार्टी नै मिसायौं । यस्तै पार्टीगत लिगेसी र व्यानरहरुमा हरेक संगठनका पार्टीगत उपस्थितिका कारणले हाम्रो पेशा नै बदनाम भयो । हामी पार्टीका शिक्षक भयौं । कोहि एमालेका शिक्षक, कोहि कांग्रेसका, कोहि माओवादीका त कोहि राप्रपा त अब कोहि रास्वपाका । हामी हाम्रो पेशाको शिक्षक हुन सकेनौं । शिक्षक मर्दा मलामी जाँदा पनि कुन संगठनको भनी हेर्न थाल्यौं । किरियापुत्री भेट्न जाँदा फलानु संगठनमा भएर किन त्यहाँ गएको भनेर अमानवीय सौंच राख्न थाल्यौं। हाम्रा पहुँचले कुनै शिक्षकको सरुवा गर्दा वा अस्थायी रुपमा शिक्षकहरु नियुक्ती गर्दा वा नयाँ नियुक्त शिक्षकलाई हाजिरी गराउँदा सांगठनिक आवद्धता, पार्टीगत आवद्धता खोज्न थाल्यौं। जसले शिक्षकको नै परिभाषा व्यवहारिक रुपमा कमजोर बनाउन थाल्यौं ।

हामीले आन्तरिक संगठनमा त झन यतिसम्म गर्‍यौं कि आफ्नो व्यक्तिगत बचावट र ताबेदारी जि-हजुरी गर्ने व्यक्तिहरुलाई संगठनका नेतृत्वमा स्थापित गराउँदै लग्यौं । फलस्वरुप पेशागत मुद्दाको उठान अत्यन्तै कमजोर हुँदै गयो । हामी पेशागत व्यावसायिकतामा रहनु पर्नेमा व्यक्तिगत र गुटगत रमाइलोमा लाग्यौं । फलस्वरूप हामी पछि लाग्ने हजारौं शिक्षक कर्मचारीको विश्वासमा घात गर्‍यौं जसको परिणाम आज आएर नेतृत्वमा रहेका भन्दा बाहेक र केही नेतृत्वमा रहेका शिक्षकहरु समेत एकल पेशा एउटा गैरदलीय चरित्रको ट्रेड युनियन भनेर लागी परेका छन् । अब फर्कने बेला भएको छ । हामी जुन बाटो हिँड्दै छौं पूर्णतः गलत सावित भइसकेका छौं। हामी लागौं एकल संगठन निर्माण अभियानमा । सुधारौं हाम्रा सार्वजनिक विद्यालय। भरौं आम शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावकमा खुसी । स्थापित गरौं हाम्रो पहिचान । हाम्रो पेशा, हाम्रो पहिचान । एकल संगठन निर्माण, हाम्रो अभियान ।

*(अधिकारी हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक हुनुहुन्छ ।)*

# आमा



**अनुपा चौलागाई**

सृष्टिको सुन्दर उपहार हौ तिमी
अँध्यारोको उज्यालो हौ तिमी
आफूले माया ममता गरेर हुर्कायौ
रुँदा सधैं मेरै साथमा बस्यौ ॥

तिमी हो संसारको उज्यालो
तिमीसँगै मलाई लाग्छ रमाइलो
भगवान भन्दा माथि छ तिम्रो स्थान
तिमीसँग हुँदा मलाई हुन्छ शान ॥

जति सुविधा दिए पनि ऋण तिर्न सकिँदैन
तिम्रो मायाको महासागर छलिकिन
सधैं रहोस् मेरो शिरमा तिम्रो आशिषको हात
संसार जित्ने उत्साह हुन्छ मात्रै तिम्रो साथ ॥

*कक्षा-६, बालजागृति ईंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# आमा



**करिश्मा चौलागाई**

मेरा सपना कहाँ सजाऊँ
कागजमा लेखुम फाट्ला
किताबमा लेखुम हराउला
भगवानलाई भन्नु प्रार्थना गर्न कहिले भुले भने
मेरा सपना आफ्नो मनमा सजाउँछिन्
मेरा कुरा सबै सुन्छिन्
मलाई सही बाटो देखाउँछिन्
मेरा लागि कहिले नभुल्ने
भगवानसँग प्रार्थना गर्छिन् ॥

के बयान गरौं आमा
आफूले नखाएर मलाई खुवायौ
के भनम आमा
तिमीले नै यो संसार देखायौ र बोल्ने बनायौ
के लेखौं आमा तिम्रो बारेमा
तिमीले नै मलाई लेख्यौ ॥

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

# आमा सुशीला तिमी

**(शार्दूलविक्रीडित छन्द)**



**अर्चना दहाल**

ठूलो आँट रहेछ सोच गतिलो दब्दै दबेनौ तिमी
थुप्रै तारिफ सुन्छु आज अहिले दायाँ र बायाँ अनि
बाधा बिघ्न थिए अनेक थरिका आगो समायौ चिनी
खम्बा झैं उभियौ बनेर बलियी आमा सुशीला तिमी ॥

भान्सा भित्र हराउने पनि सधैं नारी तिमी हौ अरे
मार्यौ क्या गतिलो छलाङ सजिलै जम्मै अचम्मै परे
तिम्रो हिम्मतदेखि आज अहिले आत्तिन्छ मान्छे चिनी
बोल्ने ठाउँ कहीं बनेन अहिले आमा सुशीला तिमी ।

सुन्छौं आज तिमी समान महिला पाइन्न कोही पनि
धर्ती झुक्न परे झुकेर रहला झुक्दैन माथै अनि
काँडामाथि बसी कपास जसरी आनन्द मान्यौ चिनी
जेन्जीले सहजै भनेछ अहिले आमा सुशीला तिमी ।

राखे नाम अनेक जात थरिका हेपेर साह्रै अनि
आँखा कान दुवै बनाइ मनुरो आगे बढेकी तिमी
भन्थे जो सबले छ नेत्र धमिलो वृद्धा अपाङ्ग मिनी
तिम्रो शक्ति बुझी डराउन पुगे आमा सुशीला तिमी ॥

आजै छोड्नु र भोलि छोड्नु तिमी भन्थे पुराना नयाँ
नाना दोष लगाउने प्रति भने लाग्दै न केही दया
हीरा हो कि फलाम भन्न अरुले सक्दैन कोही चिनी
सम्हालेर तिनी चुनाव सकियो आमा सुशीला तिमी॥

*सहायक प्रधानाध्यापक, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# मेरी आमा



**विशाल साह**

आमा तिमी नै हौ मेरो प्रेमको गीत
तिमी बिना अधुरो छ मेरो प्रित
सानैदेखि हुर्काई मलाई बनायौ ठुलो
बिरामी हुँदा सन्चो बनायौं खुवाई ओखतीमुलो ।

दु:खमा साथी बनी, सुखमा बन्यौ छाया
तिमी बिना छैन अरू कसैको यो मनमा माया
सपना देखाई आँखाभित्र बनायौ, भविष्यको चित्र
हरेक प्रहर साथ दिने मेरो जननी, तिमी हौ मेरो असल मित्र ।

आमा तिमीले नै सिकायौ, अनेक भाषा
आमा तिमी नै जीवन, तिमी नै मेरो भरोसा र आशा
आमा तिमीलाई नै मान्छु म मेरो हृदयको भगवान
तिमी मेरो लागि यो सृष्टिको अमूल्य वरदान ।

आमा तिमी सधैं सिकाउँछौ ज्ञानको कुरा
तिमीले नै गर्छौ मेरो हरेक इच्छा पूरा
आमा तिमी नै हौ मेरो प्रेरणाको मूल ।
आमा तिमी नै हौं मेरो जीवनको नओइलिने फूल ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौंडा-४*

# संसारकै प्यारी मेरी आमा



**रेजिना सुनुवार**

संसारकै प्यारी मेरी आमा
तिम्रो काखमा छ मेरो सारा सपना
औंला समातेर हिँड्न सिकायौ
दु:खमा पनि हाँस्न सधैं सिकायौ

भोक लाग्दा गाँस हौ तिमी
थाक्दा मिठो बास हौ तिमी
तिम्रो त्यो न्यानो अङ्गालोमा
स्वर्गको खुसी पाउँछु म

भगवान खोज्न टाढा जानु पर्दैन
आमाको काख भन्दा प्यारो ठाउँ छैन
सधैं रहिरहोस् तिम्रो मायाको छाया
जुनी जुनी पाइरहुँ यो आशीर्वाद र छायाँ

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

# आमा



**सनम कुमारी**

तपाईं नहुँदा म यो दुनियामा हुँदैनथेँ ।
तपाईं यो दुनियाको भगवान हो ।
आमा जसको भाग्यमा हुन्छ
त्यो भाग्यमानी हुन्छ ।
आमाले हामीलाई ९ महिना
आफ्नो कोखमा राख्नुहुन्छ ।

हामीलाई आफ्नो भाग दिनुहुन्छ ।
आफू भोकै बस्नुहुन्छ ।
हाम्रा खुसी हेरेर खुसी हुनुहुन्छ ।
हाम्रा सपना पूरा गर्न
आफ्नो सपना छोडिदिनुहुन्छ ।

तपाईंको माया देखेर यती खुसी हुन्छु ।
हामीलाई केही भए तपाईंको मन दुख्छ ।
ठूलो भएपछि म आमाको सपना पूरा गर्छु ।
आमा जस्तै कोही हुँदैन यो संसारमा ।
मेरी आमा.....

*कक्षा-४, ज्ञानदा मावि, हेटौंडा-१०*

# आमा



**हर्षिका घिमिरे**

शरीरमा बग्ने खुन आमाको
नभुल तानेको थुन आमाको
समय भन्दानी हजारौं गुणा
अमूल्य हुन्छ गुण आमाको ॥

उसैको कामना पूरा हुनेछ
जो फेरिदिन्छ उन आमाको ॥

अरुलाई भुली तिमीलाई मात्र
हुन्छ हसाउँने धुन आमाको
हुर्केर सन्तानले पाल्दछ भनी
नहोला र रहर कुन आमाको ॥

*कक्षा-५, रेड रोज इंग्लिस बोर्डिङ स्कुल, हेटौंडा-१६*

# आमा



**जनार्दन खनाल**

आमाको त्याग बहुत ठुलो सन्तान उपर
अथाह स्नेह सम्भारद्वारा बनियो सुन्दर
जति नै हामी बयान गरौं उनको गरिमा
समान अन्य भेटिन्न कतै यो विश्वभरीमा ॥

प्रत्येक पशुपन्छीमा पनि बिचरी आमाको
देखिन्छ माया उत्कृष्ट अहो ! सन्तानहरुको
विविध कष्ट सहेरै पनि यी आफ्ना सन्तानहरुमा कठै !
दिएका प्राण यथेष्ट प्रमाण ॥

मानिस हामी चेतनशील भित्रमा पर्दछौं
तथापि केही नराम्रा कुरा नजानी गर्दछौं
विशेष वृद्धा उमेर हुँदा औषधी मूलोको
व्यवस्था गर्नु परको कुरो कर्तव्य भुलेको ॥

कसैले वृद्धा जननीप्रति हेलाको वचन
गरेको सुन्दा असह्य पीडा जल्दछ यो मन
श्रद्धेय आमा जीवित देवी यिनका दर्शन
गर्नाले मात्र सुखद हुन्छ सप्रन्छ जीवन ॥

नसुती आमा बस्दछिन् जागै यो नानी रुन्छ कि
नखाई आफू सोचेर राख्दै यो भोकै सुत्छ कि
ज्ञानका कुरा सिकाई दिन्छिन् यो मूर्ख हुन्छ की
सहारा मेरो अशक्त बेला यो गुण लाएकी ॥

मरेमा बाबु टुहुरो हुन्नन् मृत्यु भो आमाको
भएमा कठै ! टुहुरो हुने सिर्जना विधिको
सबैमा हुन्न भनाईहरु पालन पोषण
गरेर योग्य बनाई दिने सुनौलो जीवन ॥

हाम्रैमा त्यस्तो विभेद छैन यी आफ्नै आमाले
गरेको भन्दा मायालु साथ पाएको धेरैले
दीर्घायु हुन् सम्पूर्ण आमा विचित्र संसार
दयालु आमा बिनाको घर हुँदैन सुन्दर ॥

*बकैया-४, छतिवन, ९८४५२८७१०४*

# आमा



**प्रकाश सुवेदी**

सुस्ताएका अम्लाहरु बल्ल सलबलाउन खोज्दैछ ।
आमा तिम्रा तस्बिर कोर्नका लागि ।

सुस्ताएका मस्तिष्क बल्लतल्ल सलबलाउन खोज्दै छ ।
आमा तिम्रो तस्बिर स्मरण गर्नका लागि ।

लडबडाएका पाइला चल्दैछ ।
आमा तिम्रो न्यानो काख पाउनका लागि

निदाएका आँखाहरु चियाइरहेछन् ।
आमा तिमी आउने बाटो हेर्नका लागि ।

मेरा यी ओंठहरु बर्बराई रहेका छन् ।
आमा । तिमीलाई मेरि आमा भन्नका लागि ।

*शिक्षक, भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-४*

# आमा



**देवप्रसाद श्रेष्ठ**

***पृथ्वी भन्दा ठुलो स्वर्ग अरु कुनै छैन***
***आमा भन्दा ठुलो ईश्वर अरु हुँदै हैन***

आज मातातीर्थ औंसीको दिन । आमाप्रति सद्भाव र प्रेम दर्शाएर अनुग्रहित हुने दिन । जीवित आमाहरूलाई स्नेह, सुस्वास्थ, दिर्घायुको कामना गर्दै सगुन र मिष्ठान्न भोजन गराएर माया ममता र कृतज्ञता अर्पण गर्ने दिन पनि हो । आजकै दिन मृत आमाको सम्झनामा शान्तिको कामना गर्दै दान र तर्पण गर्ने दिन पनि हो । यो हामी कहाँ चली आएको चलन हो ।

वास्तवमा आमा को हो ? बाँचुन्जेल आमाले सुख, शान्तिपूर्वक आफ्नो जीवनयापन गर्न पाएको छ कि छैन ? हामीलाई जन्माउने आमाले गर्भ धारण गरेदेखि हामीलाई हुर्काउन बढाउन, योग्य र सक्षम नागरिक बनाउन कति गरे, हरेक सन्तानले यस्को लेखाजोखा गर्नैपर्छ । आमाले सन्तानप्रति गरेको माया, ममता, त्याग, तपस्या र संघर्षको ऋण चुकाउनै पर्छ । एकदिन आमालाई मिठो मसिनो खुवाएर आमाको सम्झनामा दान र पूण्य गरेर ऋण चुक्ता हुने होइन ।

आमाले हामीलाई गर्भधारण गरेर ९ महिनासम्म अनेकौं कष्ट सहेर आफ्नै हाड, मासु र रगतले सिंचेर यो धर्ती, यो रमाइलो पृथ्वीमा नजन्माउनु भएको भए हामीले यो स्वर्गको अनुभुती गर्न पाउने नै थिएनौं । मलाई त के विश्वास छ भने यो धर्ती र यो पृथ्वी भन्दा अर्को कुनै स्वर्ग छैन । यो अलौकिक अनौठो अकल्पनीय पृथ्वीमा के छैन ? सबथोक छ । यो धर्ती, यो माटोले हामीलाई जीवन पर्यन्त सुखभोग गर्न अन्न, पानी, हावा सबथोक दिएको छ । रमणीय र विशाल हिमशृङ्खला बनाएको छ, लाखौं लाख जीवजन्तु, चराचुरुङ्गीहरुको बासस्थान बनाएको छ । रमणीय पहाड, डाँडा-काँडा निर्माण गरेको छ । खोला, नाला, छहरा, झरना, ताल, तलैया र पोखरीको निर्माण गरेको छ । समथर फाँटहरु बनाएर गाउँ, बस्ती र शहरहरुको निर्माण भएको छ । बाह्रै महिना बाह्रै काल थरीथरीका अन्न र खाद्यान्न उब्जनी हुने थलो बनाएको छ । यहाँ के छैन, सबथोक छ । यस्तो रमणीय र अकल्पनीय पृथ्वीमा जन्म दिने आमा महान हुन् । सारा आमा र आमाका सन्तानलाई आश्रय दिएर जीवन पर्यन्त दुख सुखको अनुभूती गराउने धर्ती माता पनि उत्तिकै महान छ ।

आफ्नै रगत पसिना सिंचेर दसधारा दूध चुसाएर मलमुत्र सोहरेर जस्तोसुकै दुख कष्टलाई पनि हाँसी-हाँसी सहेर हुर्काउने यो संसार देखाउने आमाप्रति हामी अनुग्रहित र कृतज्ञ हुनैपर्छ । वृद्धावस्थाले कमजोर बनाउँदै लगेको आमालाई आड, टेवा र भरोसा दिनुहोस्, स्वाभिमानी र आत्म सम्मानित बन्नुहोस् । आमाप्रति गर्व गर्नुहोस् यो नै हाम्रो आमाप्रति सम्मान हो, कर्तव्य हो । बाँचुन्जेल आमाको वास्ता नगर्ने, वृद्धाश्रममा, जिम्मा लगाउने यस्ता सन्तान पनि हुन्छन् । मृत्यु पश्चात् पिण्डपानी दिएर दान पूण्य गरेर तीर्थस्थलहरुमा गएर आमाको मृत आत्माको पूण्य चाहनेहरु पनि थुप्रै छन् । आफ्नो आस्था र मान्यता अनुसार यस्ता कार्य गर्नेहरुको सोँचमा केही परिवर्तन आएको छ । भोका नाङ्गा दिनदुखीलाई आमाको सम्झनामा एक छाक भएपनि खुवाउनु पर्दछ भन्ने । वृद्धाश्रम र असहाय केन्द्रहरुमा धाउन थालेका छन्, यो पनि एउटा सकारात्मक पक्ष हो ।

जन्मदिने आमा र धर्ती माताको ऋण चुक्ता गर्न हामी कृतज्ञ भएर बाँच्ने कि कृतघ्न भएर बाँच्ने ? हामी कृतज्ञ भएर बाँच्ने हो भने आमाप्रति सम्मान गर्न सिकौं । मिहिनेत र परिश्रमको कमाइ मात्र खाने गरौं । यो धर्तीमा अरुलाई लुटेर, भ्रस्ट्राचार गरेर जनतालाई निचोरेर धन, सम्पती आर्जन गर्ने, कमिशन खाएर देशलाई डुबाउने, समाजलाई कंगाल बनाउने, सभ्य भनाउँदा असभ्य सन्तानहरुको यो धर्तीमा कमि छैन । आफ्नो स्वार्थका लागि जे पनि गर्ने त्यस्ता दुष्ट र कुपुत्रहरु यो धर्तीका अभिसाप हुन् । आमाले दिएको र गरेको माया यो समाजमा पनि दिउँ । मानवले मानवलाई प्रेम गर्नु यो धर्ती स्वर्ग बनाउनु हो । हामी हाम्रो कर्तव्यबाट बिमुख नहुनु, स्वाभिमान र आत्मसम्मानका साथ बाँच्न सक्नु मिहिनेत र परिश्रममा मात्र बाँच्न कोसिस गर्नु आमाप्रति सच्चा सम्मान हो, राष्ट्रप्रतिको प्रेम हो ।

आमा, नेपाल आमा, धर्ती आमा यी हाम्रा माया, श्रद्धा र गौरवका प्रतिक हुन् । २०८३ को वर्ष नेपाल र नेपाली जनताका लागि सुखमय होस् । हार्दिक शुभकामना ।

# आमा



**रक्षा पौडेल**

आमा मलाई नौ महिना
कोखमा राखेर यो धर्तीमा
जन्म दियौ तिमीले ।

यो संसारमा आमा भन्दा ठूलो छैन कोही
यदि आमा नभएमा बस्नु पर्थ्यो रोई ।
भोक लाग्दा खान दिन्छौ सधै मिठो मिठो
कति माया गर्छौ आमा छोरी भनेर ।

यो धर्तीमा हिँड्न तिमीले नै सिकायौ.
शिक्षा, संस्कार, अनुशासन सबै सबै सिकायौ ।
आमा तिमी सधैभरी हाँसी राख है
यो धर्तीमा सधैभरी बाँची राख है ।

आमा एक नारी हौ मेरा लागि
भगवान स्वरुप हौ तिमी ।

*कक्षा-६, भुटनदेवी मावि, हेटौंडा-४*

# मेरी आमा



**दित्या अधिकारी**

जन्मायौ आमा हुर्कायौ आमा पढायौ लेखायौ
भविष्य मेरो बनाई राम्रो संसार देखायौ
लिटो, जाउलो ढिँडो मलाई चटायौ
असल बानी सिकायौ आमा खराब हटायौ ॥

मलाई राम्रो कपडा आफ्नो चोली चैं फटायौ
बिरामी हुँदा सन्तान रुँदा रात नै कटायौ
मलाई दिई खाना नि राम्रो आफ्नो चैं खटायौ
शिक्षित बन्न अगाडि बढ्न स्कूलमा पठायौ ॥

आँखामा आँशु राखेर आमा वेदना फुकायौ
मलाई सुख दिएर आफ्नो दु:ख चैं लुकायौ
सन्तान राम्रो बनाई आमा जीवन गुमायौ
कसरी गर्ने निस्वार्थ माया मलाई सिकायौ ॥

*कक्षा-६, जीएस निकेतन, हेटौंडा-५*



## 'डोजरे विकास' को विकल्प खोज्दै बागमती सरकार

# रिटेनिङ वालसँगै जैविक इन्जिनियरिङ अनिवार्य गरिने

समाज संवाददाता

हेटौंडा : मध्य पहाडका भिरालो जमिन, खोँच र उच्च हिमाली भू-बनोट भएको बागमती प्रदेशका लागि पूर्वाधार निर्माण सधैँ चुनौतीपूर्ण रहँदै आएको छ। हिउँदमा सडक पूर्वाधार बनाउने र वर्षा लागे लगत्तै सरकारको लगानी बगाउने परिपाटी बागमती प्रदेशका लागि अभिषाप जस्तै बनेको छ ।

भौगोलिक अवस्थिति अनुकुलको विकासको मोडल अपनाउन नसक्दा प्रदेश सरकारको लगानी वर्षेपछि खेर गइरहेको अवस्था छ । करोडौं लगानीमा बनेका सडकहरु जैविक अनुकुल नहुँदा सामान्य वर्षमा नै बगाउने तथा पहिरोले क्षति पुग्ने गरेको छ। प्रदेशको प्रमुख राजमार्गदेखि ग्रामीण सडकहरुमा अव्यवस्थित विकास मोडलका कारण वर्षेनी प्रदेश सरकारले समस्या भोग्दै आएको छ । हालसम्मको 'विकास मोडेल' मुख्यत: इन्जिनियरिङ पक्ष, डोजरको प्रयोग र ठूला कंक्रिटका पर्खालहरुमा मात्र केन्द्रित रहेको देखिन्छ । तर, बर्खायामको एकै झरीले करोडौंका भौतिक संरचना बगाउने र सडकहरु अवरुद्ध हुने समस्याले वर्तमान लगानी र प्रविधिको दिगोपनमाथि प्रश्न उठाएको छ । भौगोलिक संवेदनशीलतालाई बुझ्दै बागमती प्रदेश सरकारले परम्परागत निर्माण शैलीको विकल्पमा 'जैविक अनुकूलताको विकास मोडेल' अघि सारेको छ ।

उक्त अवधारणाले भौतिक पूर्वाधारलाई केवल ढुंगा र सिमेन्टको संरचनासँगै वरपरको वातावरण, वनस्पति र जलवायुसँग तादात्म्य मिलाउने लक्ष्य राखेको छ। हालको मोडेलमा डोजर लगाएर सडक खन्ने र पर्खाल लगाउने काम मात्र भएको देखिन्छ । जसले भू-क्षय र पहिरो निम्त्याइरहेको छ। प्रदेश सरकारले अघि सारेको जैविक मोडेलले 'बायो-इन्जिनियरिङ' मार्फत बाँस, काँस र स्थानीय वनस्पतिको प्रयोग गरी पहिरो रोक्ने र सडकलाई 'हरित बाटो' का रुपमा विकास गर्ने मार्गचित्र तय गरेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले पुलचोक इन्जिनियरिङ क्याम्पससंगको सम्झौतामा उक्त विषयमा काम गरिरहेको हो ।

मन्त्रालयका अनुसार विकासको खर्च घटाउने र संरचनाको आयु बढाउने गरी उक्त विकास मोडलमा काम भइरहेको छ । सडकको वरिपरि कृषि र वनमा आधारित उद्यमशीलता सिर्जना गरी गाउँको उत्पादनलाई बजारसँग जोड्ने गरी 'इकोसिस्टम बेस्ड एडप्टेसन' लाई आत्मसात् गरेको मन्त्रालयको भनाई छ । प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री दिनेशचन्द्र देवकोटाले प्रदेशको सडक पूर्वाधारलाई अब 'जैविक अनुकूलता' र 'ग्रीन रोड' को अवधारणा अनुसार अगाडि बढाउने बताए । हालको विकास निर्माणमा इन्जिनियरिङ र कन्स्ट्रक्सनको मात्रै प्रभुत्व हुँदा दिगो हुन नसकेको उनले बताए। हालको विकास मोडलले प्रदेशको ठूलो बजेट बालुवामा पानी हाले सरह भइरहेको उनको भनाई छ ।

मन्त्री देवकोटाका अनुसार अहिलेको मुख्य समस्या भनेको इन्जिनियरिङ पार्टले पर्खाल लगाउने तर बर्खामा पानीले बगाउने प्रवृत्ति कायम रहेको छ। उक्त अवस्थाको अन्त्यका लागि मन्त्रालयले 'जलवायु परिवर्तन अनुकूलताको विकास निर्देशिका' तयार पारिरहेको उनले बताए। डा. माधव कार्कीको नेतृत्वमा तयार भइरहेको उक्त निर्देशिका अन्तिम चरणमा पुगेको र क्याबिनेटबाट पास भएपछि कार्यान्वयनमा अघि बढ्ने उनले बताए। सडकको इस्टिमेट र टेन्डर गर्दा नै बायो-इन्जिनियरिङ र जैविक पक्ष अनिवार्य समावेश गर्नुपर्ने व्यवस्था गर्नेगरी सो निर्देशिका तयार गरिएको उनले बताए । मन्त्री देवकोटाका अनुसार उक्त विकास मोडलले हरित उद्यमशीलतासँगै बायो-इन्जिनियरिङ र पहिरो नियन्त्रण र अन्तर-मन्त्रालय समन्वयलाई केन्द्रीत गरेको उनले बताए ।

'हाम्रा इन्जिनियरसँगै जैविक विविधताको ज्ञान छैन । वनका कर्मचारीसँग इन्जिनियरिङको ज्ञान छैन । अहिलेको आवश्यकता विकासमा जैविक विविधताको ज्ञान हो । त्यसैलाई जोड्ने गरी जैविक अनुकुलताको विकास मोडल तय गरिएको हो ।' उनले भने, 'यसले मन्त्रालयहरु बीच समन्वय खडा गर्नुको साथै उत्पादनमैत्री सडक पूर्वाधार र दिगो विकाससंगै क्षति न्युनिकरणमा सहयोग गर्छ ।' उनले भने, 'जैविक अनुकुलताको विकासले सडकको वरिपरि कृषि, वन र पर्यटनमा आधारित उद्यमशीलता खडा गर्छ। जसले गर्दा सडक केवल चाउचाउ र मट्टितेल बोक्ने माध्यम मात्र नभई स्थानीय उत्पादन बजार पुऱ्याउने र ट्रकहरु रित्तै फर्किनु नपर्ने वातावरण निर्माण गर्नेछ ।'

उनका अनुसार परम्परागत इन्जिनियरिङको सट्टा अब बाँस रोप्ने, काँस लगाउने र पानीको ढल व्यवस्थापन गर्ने इकोसिस्टम बेस्ड एडप्टेसन) लाई प्राथमिकता दिनुपर्छ । पारिस्थितिक पद्दतीलाई केन्द्रमा राखेर विकासका आयोजनाहरु अघि बढाउन नयाँ ढंगमा अघि बढ्नुपर्ने उनले बताए । मन्त्रालयले वन, कृषि र पर्यटन मन्त्रालयसँग भएको ज्ञानलाई भौतिक पूर्वाधार निर्माणमा जोड्ने गरी टास्क फोर्स बनाएर काम गरिरहेको उनले बताए । ठुला र खर्चिला कंक्रिटका रिटेनिङ वाल र ब्रेस्ट वाल बनाएर पहिरोले बगाउनु भन्दा जैविक विविधिता अनुसारको विकास अवधारणामा जाँदा सरकारलाई सहज हुने देखिन्छ । काँस लगाउने, रुख रोप्ने र पानीको उचित निकास व्यवस्थापन गर्दा सरकारको बजेटको बचत हुनुको साथै विपद्को जोखिमलाई पनि नियन्त्रण गर्न सहज हुने उनले बताए ।

उक्त अवधारणा अनुसार हाल मन्त्रालयले निर्देशिका बनाउनुको साथै बायो-इन्जिनियरिङको प्रभावकारिताका लागि पुल्चोक क्याम्पससँगको सहकार्यमा सिस्नेरी लगायतका क्षेत्रमा काम भइरहेको मन्त्री देवकोटाले बताए । प्रदेशको विकासलाई दिगो र जलवायुमैत्री बनाउने गरी काम भइरहेको बताए । प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति कार्यक्रममा पनि उक्त विषयलाईर्र प्राथमिकताका साथ अघि बढाउने उनको भनाई छ । मन्त्रालयमा तयार भएको निर्देशिका अनुसार प्रदेश सरकारका विकास आयोजनाहरुको कार्यान्वयनसँगै नीतिगत रुपमा विगतका कानुनहरु सुधारका लागि अघि बढिने उनले बताए । कानुन संशोधन गर्न केही समय लाग्ने हुँदा निर्देशिका तयार गरेर अघि बढेको र उक्त कार्यको दिगोपनको लागि विकास निर्माणका कानुनहरुलाई सोही बमोजिम परिमार्जनका लागि अघि बढाउने उनको भनाई छ ।

## शनिबार र आइतबार ओपीडी सेवा बन्द



काठमाडौं: स्वास्थ्य क्षेत्रमा क्रियाशील १४ वटा संयुक्त पेसागत संगठनको चर्को दबाबपछि सरकारले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पनि साताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

सरकारको निर्णयसँगै अब देशभरका सरकारी अस्पतालहरूमा शनिबार र आइतबार नियमित ओपिडी सेवा बन्द रहनेछ । तर, आकस्मिक तथा अन्तरंग (इनडोर) सेवाहरू भने पहिलेझैँ २४ सै घण्टा सञ्चालनमा रहने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्री निशा मेहता, स्वास्थ्य सचिव डा. विकास देवकोटा र १४ वटा पेसागत संगठनका प्रतिनिधिबीच मन्त्रालयमा भएको छलफलपछि सरकारले यो निर्णयमा लचकता देखाएको हो ।

मन्त्रालयका स्रोतका साताको दुई दिन बिदा गर्ने सहमति भइसकेको छ । 'स्वास्थ्य मन्त्रालय र पेशा संगठनबीच भएको सहमतिमा शनिबार र आइतबार बिदा गर्ने सहमति भएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'मन्त्रालय प्रेस विज्ञप्ति नै निकाल्न लागेको छ। केही समयमा औपचारिक निर्णय बाहिर आउँछ ।'

दुई दिन ओपिडी सेवा बन्द हुने भएपछि सरकारले आकस्मिक सेवाको क्षमता भने थप विस्तार गर्ने तयारी गरेको मन्त्रालय स्रोतले जनाएको छ ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीको संयोजकत्वमा रहेको दबाब समूहले स्वास्थ्यकर्मी पनि अन्य सरकारी कर्मचारीसरह दुई दिन बिदाको हकदार हुनुपर्ने माग गर्दै आएको थियो । उनीहरूले बढ्दो कार्यबोझ र मानसिक तनावलाई कारण देखाउँदै आन्दोलनको चेतावनीसमेत दिएका थिए। यसअघि मन्त्रिपरिषद्ले २०८२ चैत २२ गते सबै सरकारी कर्मचारीलाई सातामा दुई दिन बिदा दिने निर्णय गरेको थियो । तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालहरुमा आइतबार पनि ओपिडी सेवा सञ्चालन गर्न निर्देशन दिएपछि स्वास्थ्यकर्मीहरु असन्तुष्ट बनेका थिए । मन्त्रालयको उक्त अडानविरुद्ध स्वास्थ्यकर्मीहरुले संयुक्त आन्दोलनको चेतावनी दिएपछि अन्तत: सरकारले अस्पतालहरूमा पनि दुई दिन बिदा लागू गर्ने निर्णय गरेको हो । *(स्रोत: अनलाईनखबर)*

## सवारी जाँचमा कडाइ

# मापसे र लापसे गर्ने सयौँ चालक कारवाहीमा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले प्रदेशका १० वटा जिल्लामा सवारी दुर्घटना न्यूनीकरण र सडक सुरक्षाका लागि विशेष सक्रियता देखाएको छ । बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै कार्यलयले काठमाडौं, भक्तपुर र ललितपुर बाहेक प्रदेशका १० जिल्लाहरूमा यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउन मादक पदार्थ सेवन (मापसे) र लागुऔषध सेवन (लापसे) चेकिङलाई उच्च प्राथमिकता दिएको जनाएको छ ।

चालु आर्थिक वर्ष २०८२/०८३ को चैत मसान्तसम्म प्रदेशका १० वटा जिल्लाहरूमा १ हजार ५ सय ४३ जना चालकहरूले मादक पदार्थ सेवन गरी सवारी चलाएको भेटिएको छ। उनीहरूलाई नियमअनुसार कारवाही गरी हालसम्म ८ लाख १६ हजार ५ सय रुपैयाँ जरिवाना रकम संकलन गरिएको कार्यलयले जानकारी दिएको छ ।

त्यसैगरी, सवारी दुर्घटनाको प्रमुख कारणमध्येको एक लागुऔषध सेवनतर्फ पनि प्रहरीले कडा निगरानी बढाएको छ। चालु आर्थिक वर्षको चैत मसान्तसम्मा नेपाल प्रहरी प्रधान कार्यालय, जनस्वास्थ्य कार्यालय र स्थानीय निकायहरूबाट प्राप्त १ हजार ७ सय ६३ थान 'ड्रग्स टेस्ट किट' को प्रयोग गरी १ हजार ३ सय १२ जना चालकको परीक्षण गरिएको हो ।

उक्त परीक्षणका क्रममा १ सय ९७ जना चालकले लागुऔषध सेवन गरेको पाइएपछि उनीहरूलाई नियन्त्रणमा लिई कसूर दर्ता गरेर कानुनी बमोजिम कारवाही गरिएको छ ।

# ज्ञानदा माविको अभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयको ५४ औं अभिभावक भेला बिहिबार सम्पन्न भएको छ। हेटौंडा वडा नं १० का अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पराम थापाको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा विद्यालयको समस्याबारे बोल्दै सहायक प्रधानाध्यापक प्रेम बहादुर स्याङ्तानले विद्यालयको नवनिर्मित १३ कोठे भवन निर्माणमा ढिलाइ हुँदा पठनपाठनका लागि कक्षाकोठाको अभाव झेलिरहेको बताउनुभयो । यस्तै जमिनको कमीले गर्दा खेलमैदान नहुँदा विद्यार्थीहरुले विभिन्न अभ्यास खेलकुद गराउन नपाएको समेत बताउनुभयो । यस विद्यालयमा श्रमिक वर्गका बालबालिका अध्ययन गर्ने हुँदा गुणस्तरीय सिकाइका लागि आवश्यक कमीहरु व्यवस्थापन गनुपर्नेमा जोड दिनुभएको छ । कार्यक्रममा विद्यालयले आर्थिक वर्ष २०८२/०८३ मा १ करोड २९ लाख ९७ हजार रुपैयाँको आय-व्यय प्रस्तुत गरेको छ ।

कार्यक्रममा विद्यालयको वार्षिक परीक्षामा कक्षागत रुपमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ। यस्तै विभिन्न क्षेत्रमा कार्यरत विद्यालयका पूर्वविद्यार्थीहरु भिमप्रसाद धिमाल, बासुलाल श्रेष्ठ, शैलेश श्रेष्ठ, सुकराज मोक्तान, मदन लामा, कोपिला लामा, सपना ठकुरी लगायत १५ भन्दा बढी पूर्वविद्यार्थीलाई सम्मान गरिएको थियो । यस्तै विद्यालयको पूर्णभद्र ढुंगाना समृति अक्षयकोषका संरक्षक ज्ञानेन्द्र ढुंगानालाई समेत सम्मान गरिएको थियो । भेलाले समय अपुग भएको कारण देखाउदै विद्यालय व्यवस्थापन समितिका सदस्य चयनको प्रक्रिया शुक्रबार टुङ्गिने विद्यालयले जनाएको छ ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका प्रमुख बद्री बहादुर पाठक, बोर्डका पूर्व प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगरपालिकाका शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटा, १० नं वडाका वडासदस्यहरु बिमल लामा, गोमा सुनार, विद्यालय व्यवस्थापन समितिका सदस्य गितादेवी यादव लगायत शिक्षक अभिभावकहरुको उपस्थिति थियो ।

# रोयल इन्फिल्डको नयाँ 'गोवन-३५०' मोटरसाइकल सार्वजनिक

समाज संवाददाता

हेटौंडा : रोयल इन्फिल्डको 'गोवन-३५०' मोटरसाइकल नेपालमा सार्वजनिक भएको छ । बुधबार नेपालमा सार्वजनिक भएसँगै हेटौंडामा पनि सोहि दिन एक विशेष कार्यक्रमका बीच मोटरसाइकल सार्वजनिक भएको हो ।

हेटौंडास्थित रोयल इन्फिल्डको आधिकारिक शोरुम ओम अटोमोवाइल्समा यो नयाँ संस्करण सार्वजनिक गरिएको हो । आकर्षक लुक्स र आधुनिक विशेषतासहित परिमार्जन गरिएको यो मोटरसाइकल बजारमा ल्याइएको हो । शोरुमका अनुसार यस मोटरसाइकलका दुई वटा संस्करण (भेरिएन्ट) बजारमा उपलब्ध छन्। जसको मूल्य ६ लाख २ हजार र ५ लाख ९८ हजार रुपैयाँ तोकिएको छ। रङ र केही प्राविधिक विशेषताका आधारमा मूल्यमा सामान्य भिन्नता रहेको छ। सहरको भिडभाडदेखि खुल्ला राजमार्गका लागि यो अनुकूल रहेको कम्पनीले जनाएको छ । विशेषगरी स्वतन्त्र जीवनशैली रुचाउने राइडरहरुलाई लक्षित गरी कम्पनीले यो मोटरसाइकल बजारमा ल्याएको हो ।

# जलविद्युत व्यापारमा ठुलो सम्भावना : भारतीय महावाणिज्यदूत मिना

समाज संवाददाता

हेटौंडा : नेपालका लागि भारतीय महावाणिज्यदूत देवी सहाइ मिनाले नेपालमा जलविद्युत व्यापारमा ठुलो सम्भावना रहेको बताउनु भएको छ। बिहिबार नेपाल उद्योग परिसंघ तथा भारतीय संस्था पञ्जाब-हरियाणा-उत्तर प्रदेश (पिएचडी) उद्योग वाणिज्य संघको समन्वयमा हेटौंडामा आयोजित अन्तरक्रियामा महाबाणिज्यदूत मिनाले नेपालले आफ्नो जलविद्युत उत्पादन क्षमता बढाएर भारतमा बेच्न सके पर्याप्त फाइदा लिन सक्ने उल्लेख गर्नुभएको हो ।

हाल नेपालले भारत तथा बंगलादेशलाई विद्युत बिक्री गरिरहेको उदाहरण दिँदै भविष्यमा नेपालले विद्युत व्यापारको दायरा बढाउनुपर्ने सुझाव दिनुभएको छ । उहाँले जलविद्युतसँगै कृषि, कृषिजन्य प्रशोधन उद्योगहरु, जडिबुटी, औषधी लगायतका क्षेत्रमा नेपालले उत्पादन बढाएर भारतलाई बेच्न चाहेमा भारत तयार रहेको उहाँको भनाइ थियो । नेपालले आइटी लगायत अन्य प्रविधि र पर्यटनमा पनि राम्रो सम्भावना रहेकोले उद्योगीहरुलाई यसबारे सोच्न आग्रह गर्नुभएको थियो । उहाँले भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जको पेट्रोलियम पाइपलाइन दक्षिण एसियाकै दुइ देशबीचको नमुना सहकार्य भएको उल्लेख गर्दै भविष्यमा भारत नेपालसँग अन्तर्राष्ट्रिय व्यापारका लागि विभिन्न योजनामा काम गर्न तयार रहेको बताउनुभयो ।

उद्योग परिसंघ नेपालका महानिर्देशक घनश्याम ओझाले सिमा पारबहन व्यापारमा अहिले भइरहेको प्रशासनिक झन्झट हटाएर सरल, पारदर्शी र आधुनिक बनाउन नेपाल र भारत दुवै देशहरुले तत्परता देखाउनुपर्ने बताउनुभएको छ । उहाँले नेपाल सामाजिक, साँस्कृतिक रुपमा समानान्तर भएपनि हाल नेपालले मात्र व्यापार घाटा व्यहोरिरहेकोले व्यापार घाटा कम गर्न भारतले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले हाल नेपालले जडीबुटी, तयारी सामान र कृषिजन्य सामग्रीहरु निर्यात गरिरहेको बताउँदै निर्यात उन्मुख नेपाली उत्पादनलाई भारतीय बजारमा सहजतापूर्ण वातावरण बनाउन भारत सरकारले सहयोग गर्नुपर्ने उल्लेख गर्नुभयो । अन्तरक्रियामा सहभागी उद्योगी तथा व्यवसायीहरुले दुइ देशबिचको सिमा पारबहनलाई सुदृढ बनाउन परिक्षण तथा प्रमाणित सुविधा विस्तार गरी तत्काल नै निर्यात गर्ने वातावरण मिलाउन आग्रह गरेका छन् । यस्तै भारतीय भन्सारमा भारतीय सामान सहज रुपमा पठाउने तर नेपाली सामग्री निर्यात गर्दा रोकेर दु:ख दिएको भन्दै महावाणिज्यदूत मीनाको ध्यानाकर्षण समेत गराएका छन् । नेपालमा भारतमा स्थापित सुचना प्रविधिजन्य उद्योगको नेपालमा शाखा खोल्दा नेपाली सुचना प्रविधिका श्रमशक्ति प्रयोग हुने भएकोले सूचना प्रविधीमा भारतीय व्यवसायीहरुलाई लगानी गर्न नेपाली पक्षबाट सुझाव दिइएको छ ।

पिएचडि उद्योग वाणिज्य संघ भारतका नेपाल भारत सेन्टरका वरिष्ठ सचिव अतुल कुमार ठाकुरले समन्वय गर्नुभएको कार्यक्रममा उद्योग परिसंघ नेपाल बागमती प्रदेशका अध्यक्ष त्रिलोचन कँडेल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिँह रानाभाट, चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमन श्रेष्ठ, चिवतन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदी, लगायतको उपस्थिती रहेको थियो ।


## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/०५ गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**

- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

नि:शुल्क तालिम

हेटौडा उपमहानगरपालिकाको आर्थिक सहयोग र हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा.लि को आयोजनामा मिति २०८३/०१/०३ गते भएको सम्झौता अनुसार नि:शुल्क सिपमुलक तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले इच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेख भए बमोजिम सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिन्छ

**तालिमको विषय:** सहायक हजाम
प्रशिक्षार्थी संख्या: २० जना
समयावधि: १६० घण्टा

**आवश्यक योग्यता:**
क)१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
ख)कक्षा ८ उत्तीर्ण भएको र यस पेशाप्रति इच्छुक व्यक्तिहरुलाई विशेष प्राथमिकता
ग)यस उपमहानगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने

**फारम भर्न चाहिने आवश्यक कागजातहरु**
क)पासपोर्ट सइजको फोटो १ प्रति
ख)नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
ग)शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

**फारम भर्ने अन्तिम मिति:- २०८३/०१/११**
➢ आवेदन बुझाउने स्थान:
हेटौडा उपमहानगरपालिका उधोग तथा बाणिज्य शाखा वा हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा.लि हेटौडा-०४, परिजातपथ

सम्पर्क
हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा.लि हेटौडा-०४, परिजातपथ
सम्पर्क +०५७ ५२४८५१

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल
## राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

प्रो. ज्योति रत्न बज्राचार्य
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ